त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) कार्यक्रम २०७८ सालको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने चार वर्षे स्नातक तह **Bachelors in Information Technology (BIT)** कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७८ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**

(क) त्रि.वि.वा यसबाट मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित विषय लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(ख) माध्यमिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ वा १२ कक्षामा अंग्रेजी र न्युनतम एक पेपर गणित विषय लिई ति विषयहरुमा कम्तिमा C Grade ल्याई ११-१२ कक्षाको अन्तिम ग्रेड CGPA 2.00 प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्ने ।

(ग) A Level को परीक्षामा अंग्रेजी र गणित विषयमा न्युनतम D Grade ल्याई उत्तीर्ण गरेको हुनुपर्ने ।

(घ) CTEVT बाट Three Years Diploma उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा अंग्रेजी र गणित विषय न्युनतम १००/१०० पूर्णाङ्कको लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

२. **आवेदन प्रक्रिया Completely Online** :

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको webpage https://tuiost.edu.np मा रहेको BIT प्रवेश परीक्षाको Link मा गई आवेदक स्वयम्ले आवेदन फारम भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्ने छ ।

(ख) Website मा Online फारम २०७८।१०।०३ गते बिहान १०:०० बजे देखि मिति २०७८।१०।२६ गते साँझ ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ । तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ ।

(ग) दोब्बर दस्तुर तिरी Online फारम २०७८।१०।२७ गते बिहान १०:०० बजे देखि मिति २०७८।११।०४ गते साँझ ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ ।

(घ) आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ ।

(ङ) प्रवेश परीक्षा शुल्क वापतको रकम रु.१,५००।- (अक्षेरुपी एक हजार पाँच सय मात्र) नेपाल भित्रको ग्लोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी यस कार्यालयको ग्लोबल आई.एम.ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको खाता नं. ०५०१०१००००००२३ मा जम्मा हुने गरी बुझाएको हुनु पर्नेछ । साथै webpage मा रहेको e-banking/eSewa/Connect IPS मार्फत पनि शुल्क जम्मा गर्न सकिने छ । Online फारम भर्दा बैंकको भौचर नम्बर वा Transaction ID number (ConnectIPS/ eSewa को लागि) अनिवार्य रुपमा भर्नु पर्नेछ । आवेदकहरुले परीक्षा शुल्क मिति २०७८।१०।२६ गते अपरान्ह ३:०० बजे सम्म दाखिला गरी सक्नु पर्नेछ र आवेदन फारम भने साँझ ५:०० बजे सम्म भरि सक्नु पर्नेछ । बैंक भौचर काटी सकेपछि परीक्षा शुल्क वापत बुझाएको रकम फिर्ता हुने छैन ।

च) आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न सर्टिफिकेट/मार्कसिट/ट्रान्सक्रिप्ट/समकक्षता प्रमाणपत्र इत्यादी तथा हस्ताक्षर सहितको MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।

छ) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

ज) मिति २०७८।११।०५ गते देखि Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईने छ । उक्त प्रवेश पत्र Download गरी Color Print गर्नु पर्नेछ । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्र सहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानु पर्नेछ । प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र) पनि ल्याउनु पर्नेछ ।

**३. Online फारम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नु पर्नेछ । ति निम्न हुने छन् ।**

| | | |
|---|---|---|
| (क) काठमाडौं उपत्यका | (ख) मोरङ | (ग) सुनसरी |
| (घ) धनुषा | (ङ) पर्सा | (च) चितवन |
| (छ) रुपन्देही | (झ) बाँके | (ठ) कन्चनपुर |

४. **प्रवेश परीक्षा हुने मिति, समय र केन्द्र :** पछि प्रकाशित गरिने छ ।

५. **प्रबेश परीक्षा सम्बन्धी जानकारी :**

(क) प्रबेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा प्रविणता प्रमाणपत्र तह वा ११ र १२ वा सो सरहको पाठ्यकमको आधारमा गणित, सूचना प्रविधि र अंग्रेजी सहितको सामान्य ज्ञान विषयको दुई घण्टाको परीक्षा हुनेछ ।

(ख) प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन् ।

(ग) प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित विषयमा प्राप्त गरेको अंकको आधारबाट योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमा क्रमशः गणित, अंग्रेजी र सामान्यज्ञान तथा सूचना प्रविधि विषयमा प्राप्त गरेको अंकलाई आधार बनाईने छ । सबैमा बराबर अंक भएको अवस्थामा क्रमशः तल्लो शैक्षिक तहलाई आधार बनाईने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

६. **कक्षा संचालन र भर्ना प्रक्रिया : पछि प्रकाशित गरिनेछ ।**

८. **समावेशी कोटा सम्बन्धमा :** क्याम्पस/कलेजहरुले त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम, २०७४ ले तोके बमोजिम समावेशी कोटाको आधारमा भर्ना गर्नु पर्नेछ । सोको जानकारीका लागि समावेशी फारम यस कार्यालयको website मा राखिने छ ।

मिति:२०७८।०९।२७

सहायक डीन